# जगन्नाथ गाउँपालिकाको
# आर्थिक ऐन, २०८२

प्रस्तावना: जगन्नाथ गाउँपालिकाको आर्थिक वर्ष २०८२।।०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ तथा अनुसूची ८ को एकल अधिकार प्रयोग गरि जगन्नाथ गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८२" रहेको छ। (२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि २०८३ असार मसान्त सम्म जगन्नाथ गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. सम्पति कर: गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि १ बमोजिम एकिकृत सम्पत्ति कर घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. भूमि कर (मालपोत) गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. घर वहाल कर: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरे वा आंशिक तवरले वहालमा दिएकोमा वा लिएकोमा अनुसूचि ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. व्यवसाय कर: गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेको वा नया स्थापना हुने व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ 1

६. विज्ञापन कर: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

७ मनोरन्जन कर: गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन नाट्यागृह, प्रदर्शनी स्थल जस्ता व्यवसाय सेवामा अनुसूचि ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८ बहाल बिटौरी शुल्क: गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि ९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

९. सेवा शुल्क, दस्तुर: गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. पर्यटन शुल्क: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

११. कर छुट: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

तर गाउँपालिका क्षेत्रमा रहेका आर्थिक रुपमा कमजोर वर्ग, महिला, दलित र अल्पसंख्यक समुदाय बाट कुनै व्यवसाय दर्ता भइ संचालन गर्ने उदेश्यले नयाँ दर्ता हुने व्यवसायको लागि २५ प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

१२. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँ कार्यपालिकाले तोके अनुसार हुने छ।

प्रस्तावित गरिएका करका क्षेत्र,दायरा तथा दररेट हरु(२०८२।०४।०१ देखि लागु हुने गरी)

१.घर जग्गा तथा मालपोतको दररेटः

| क.स. | विवरण (प्रतिरोपनीमा) | | कैफियत |
|---|---|---|---|
| १ | मुख्य सडकले छोएको जग्गा | करको दर(प्रति रोपनी रु) | |
| | अब्बल | ३३ | |
| | दोयम | २८ | |
| | सिम | २२ | |
| | चाहार | १७ | |
| २ | शाखा सडकले छोएको जग्गा | करको दर(प्रति रोपनी रु) | |
| | अब्बल | २२ | |
| | दोयम | १७ | |
| | सिम | १२ | |
| | चाहार | ७ | |
| ३ | सडकले नछोएको जग्गा | करको दर(प्रति रोपनी रु) | |
| | अब्बल | ११ | |
| | दोयम | ९ | |
| | सिम | ७ | |
| | चाहार | ६ | |

२.घर बहाल कर

| क.स. | विवरण | संघीय सरकार(१०%) | गा.पा. संचितकोष |
|---|---|---|---|
| १ | भवन | १० | ० |
| २ | घर | १० | ० |
| ३ | पसल | १० | ० |
| ४ | ग्यारेज | १० | ० |
| ५ | जग्गा | १० | ० |
| ६ | गोदाम | १० | ० |
| ७ | टहरा | १० | ० |

३. विज्ञापन कर बापत शुल्क एकपटक

| क.स. | विवरण | दररेट वार्षिक रु | कैफियत |
|---|---|---|---|
| १ | डिजिटल डिस्प्ले | १००० | |
| २ | पर्खालवार भित्ताआदिमा पोतितको प्रति वर्गफुट | १००० | |
| ३ | सार्वजनिक स्थलमा पोस्टर,पम्लेट | २०० | |
| ४ | पोल व्यानर | २०० | |
| ५ | गाडीमा गरिने | १०० | |
| ६ | खेलकुद मैदानमा | ५०० | |
| ७ | होडिङ बोर्ड | १५०० | |

५.व्यवसाय करको दररेट

| क.स. | विवरण | दररेट वार्षिक रु | कैफियत |
|---|---|---|---|
| १ | चुरोट रक्सी आदिको थोक तथा खुद्रा व्यापारमा | २३०० | |
| २ | निर्माण सामाग्री कम्प्युटर,विद्युतका सामन,टेलिभिजन,रेडियो,भिडियोरेकर्डर जस्ता बस्तु थोक तथा खुद्रा व्यापार | २२०० | |
| ३ | दैनिक उपभोग्य बस्तु तथा खाद्यपदार्थ आदीको थोक तथा खुद्रा व्यापार | २२०० | |
| ४ | उत्पादनमुलक उद्योग | २२०० | |
| ५ | उर्जामुलक उद्योग | १७०० | |
| ६ | कृषी तथा बनजन्यमुलक उद्योग | २२०० | |

| | | | |
|---|---|---|---|
| ७ | खनिज उद्योग | ३३०० | |
| ८ | फर्निचर उद्योग | ५५०० | |
| ९ | पर्यटन उद्योग | ३३०० | |
| १० | सेवा उद्योग | २२०० | |
| ११ | निर्माण उद्योग | ५५०० | |
| १२ | संचारसेवा | २२०० | |
| १३ | वित्तिय सेवा | ३३०० | |
| १४ | स्वास्थ्य सेवा | २२०० | |
| १५ | शिक्षा सेवा,निजि क्षेत्रका विद्यालय क्याम्पस सबै | ३३०० | |
| १६ | होटल तथा मदिरा व्यवसाय दर्ता प्रमाणपत्र | १५०० | |
| १७ | होटल तथा मदिरा व्यवसाय दर्ता सिफारिस वडा | ५०० | |
| १८ | होटल तथा मदिरा व्यवसायको दर्ता नविकरण | १००० | |
| १९ | अन्य व्यवसाय,मासु पसल दर्ता सिफारिस वडा | ५०० | |
| २० | अन्य व्यवसाय,मासु पसल दर्ता प्रमाण पत्र | १५०० | |
| २१ | अन्य व्यवसाय,मासु पसल दर्ता प्रमाण नविकरण | १००० | |
| २२ | किराना पसल, मेडिकलको दर्ता सिफारिस वडा | ५०० | |
| २३ | किराना पसल,मेडिकलको दर्ता प्रमाण पत्र | १५०० | |
| २४ | किराना पसल, मेडकलको दर्ता नविकरण | १००० | |
| २५ | कृषि फर्म तथा पशु फर्म दर्ता वडा सिफारिस | ५०० | |
| २६ | कृषि फर्म तथा पशु फर्म दर्ता प्रमाणपत्र | १५०० | |
| २७ | कृषि फर्म तथा पशु फर्म दर्ता प्रमाणपत्र नविकरण | १००० | |
| २८ | समुह दर्ता प्रमाण पत्र वडाको सिफारिस | ५०० | |
| २९ | समुह दर्ता प्रमाण पत्र | १५०० | |
| ३० | समुह दर्ता प्रमाण पत्र नविकरण | १००० | |

५. मनोरञ्जन करको दररेट

| क्र.स. | विवरण (प्रति पटक) | दररेट रु | कैफियत |
|---|---|---|---|
| १ | जाँदु सर्कस | १००० | |
| २ | नाटक | ५०० | |
| ३ | दोहोरी साज | ५०० | |
| ४ | मेलामहोत्सव | १५०० | |

६. बहाल बिटौरी करको दररेट

| क्र.स. | विवरण (प्रति पटक) | दररेट रु | कैफियत |
|---|---|---|---|
| १ | पसल तथा सटर | २००० | |
| २ | अन्य | १००० | |

७. सेवाशुल्क सम्वन्धी कर

| क्र.स. | विवरण | दररेट रु | कैफियत |
|---|---|---|---|
| १ | नाता प्रमाणित गरेको | २०० | |
| २ | जन्ममिति प्रमाणित गरेको | २०० | |
| ३ | जन्मदर्ता ,मृत्युदर्ता ,विवाहदर्ता | २०० | |
| ४ | बसाईसराईको सिफारिस | २०० | |
| ५ | सामाजिक सुरक्षा परिचयपत्र नँया( वालपोषण) | २०० | |
| ६ | सामाजिक सुरक्षा परिचयपत्र नविकरण(वालपोषण) | १०० | |
| ७ | सामाजिक सुरक्षा परिचयपत्र नँया( अन्य) | २०० | |
| ८ | सामाजिक सुरक्षा परिचयपत्र नविकरण ( अन्य) | २०० | |
| ९ | सामाजिक सुरक्षा परिचयपत्र प्रतिलिपि बनाएको दस्तुर | ५०० | |
| १० | व्यक्तिगत घटना दर्ता(जन्मदर्ता,मृत्युदर्ता,विवाहदर्ता,वसाईसराई प्रमाणपत्रको प्रतिलिपी) | ३०० | |
| ११ | अन्य घटना दर्ता | २०० | |

| | | | |
|---|---|---|---|
| १२ | विवाहित तथा अविवाहित प्रमाणित | ३०० | |
| १३ | अङग्रेजि माध्यमबाट सिफारिस तथा प्रमाणित गरिदिएको | ५०० | |
| १४ | घर प्रमाणित | २०० | |
| १५ | घरजग्गा नक्सा पास पक्की,आरसिसि ढलान स्टक्चर,प्रतितलाको प्रतिबर्गफिट(गाँउतिर) | १० | |
| १६ | घरजग्गा को नक्सा पास(सिमन्ट जडाईमा इटा वा ढुङगाको गारो र टिनढुङ्गाको छाना) प्रति बर्ग फिट(गाँउतिर) | ८ | |
| १७ | घरजग्गा को नक्सा पास(माटोको जडाईमा ढुङगाको गारो ,स्लाएस,जस्ता,ढुङ्गा,घरकाछाना) प्रति बर्ग फिट(गाँउतिर) | ५ | |
| १८ | घरजग्गा नक्सा पासको सिफारिस वडा | २००० | |
| १९ | घरजग्गा नक्सा पास अभिलेख किताब | ५००० | |
| २० | घरजग्गा नक्सा पास पक्की,आरसिसि ढलान स्टक्चर,प्रतितलाको प्रतिबर्गफिट(शहरतिर) | २० | |
| २१ | फिट(शहरतिर) | १५ | |
| २२ | बर्ग फिट(शहरतिर) | १० | |
| २३ | घर निर्माण सम्पन्न सिफारिस पक्की | ५०० | |
| २४ | घर निर्माण सम्पन्न सिफारिस साधारण | ३०० | |
| २५ | ब्यक्तिगत विवरण प्रमाणित | २०० | |
| २६ | जिवित सङ्गको नाता प्रमाणित | २०० | |
| २७ | हकवाला तथा हकदार प्रमाणित | २०० | |
| २८ | संरक्षक प्रमाणित | २०० | |
| २९ | कागज तथा मंनजुरिमा प्रमाणित | २०० | |
| ३० | जग्गा मुल्याङ्कन प्रमाणित | ५०० | |
| ३१ | दुर्गमक्षेत्र तथा पिछडिएको क्षेत्र सिफारिस तथा प्रमाणित | २०० | |
| ३२ | आर्थिक अवस्था कमजोर ,विपन्न ,गरिव रहेको सिफारिस तथा प्रमाणित | १०० | |
| ३३ | नँया नागरिकताको लागी सिफारिस | २०० | |

| | | | |
|---|---|---|---|
| ३४ | नागरिकताको प्रतिलिपी लिनको लागी सिफारिस | ३०० | |
| ३५ | गाउँपालिका क्षेत्र भित्रको सार्वजनिक जग्गा प्रयोग गर्दा लिने कर जस्तै हाईड्रोपावर अन्य सबै | १०००० | वार्षिक |
| ३६ | कवाड सामानको प्रति के जी राजश्व | १ | |
| ३७ | कवडा सामानको दर्ता प्रमाण पत्र | ३००० | |
| ३८ | कवाड सामान खरिदको सिफारिस | ५०० | |
| ३९ | बहालकरको लेखाजोखा सिफारिस | २०० | |
| ४० | घरजग्गा करको लेखाजोखा गरि सिफारिस | ५०० | |
| ४१ | व्यपारव्यवसाय बन्द भएको व्यापार व्यवसाय संचालन भएको ,व्यापार व्यवसाय हुंदै नभएको प्रमाणीत गरिएको सिफारिस | २०० | |
| ४२ | मिलापत्रको कागज गराउने | ३०० | |
| ४३ | निशुल्क तथा शशुल्क स्वाथ्य्य उपचारको दस्तुर | १०० | |
| ४४ | पुर्जामा घर कायम गर्ने सिफारिस | २०० | |
| ४५ | फरफारक नाम थर तथा जन्ममिति भएमा दुबै नाम थर जन्ममिति एकै हो भनि प्रमाणित गरिएको सिफारिस | २०० | |
| ४६ | नाम थर जन्ममितिको संसोधन सिफारिस | २०० | |
| ४७ | जग्गा धनि पुर्जा हराएको सिफारिस | ३०० | |
| ४८ | कित्ताकाट गर्ने सिफारिस | २०० | |
| ४९ | जग्गा नामसारीको सिफारिस | २०० | |
| ५० | जग्गाको हक सम्बन्धी सिफारिस | २०० | |
| ५१ | सर्जमिन सिफारिस | २०० | |
| ५२ | व्यवासाय,उद्योग ठाँउसारी गर्न सिफारिस | ५०० | |
| ५३ | जिवित रहेको सिफारिस | २०० | |
| ५४ | विद्यालय खोल्ने सिफारिस | ५००० | |
| ५५ | विद्यालयको कक्षाथप गर्ने सिफारिस | २५०० | |
| ५६ | विद्यालयको ठाँउसारी गर्ने सिफारिस | १५०० | |
| ५७ | विद्यालय खाता खोल्ने सिफारिस | २०० | |
| ५८ | विद्यालयको रकम फुकुवा सिफारिस | ३०० | |
| ५९ | पालनपोषणको लागी सिफारिस | २०० | |
| ६० | प्रचलित कानुन बमोजिम प्रतियोजित अधिकार बमोजिमको अन्य सिफारिस तथा प्रमाणित | १०० | |
| ६१ | धरौटी फिर्ता सिफारिस | ५०० | |
| ६२ | युवा क्लब दर्ता | १५०० | |
| ६३ | युवा क्लब नविकरण | १००० | |
| ६४ | युवा क्लब वा समुह दर्ता सिफारिस वडाबाट | ५०० | |
| ६५ | अन्य समुह | १००० | |
| ६६ | जलविधुत सहकारी दर्ताको लागि वडाको सिफारिस | २००० | |
| ६७ | जलविधुत सहकारी दर्ता नविकरण | ५००० | |
| ६८ | जलविधुत सहकारी दर्ता प्रमाण पत्र | १०००० | |
| ६९ | खुद्रा तथा किराना फेन्सी पसल लगायत ब्युट्री पालर दर्ता वडाको सिफारिस | ५०० | |
| ७० | खुद्रा तथा किराना फेन्सी पसल लगायत ब्युट्री पालर दर्ता नविकरण | १००० | |
| ७१ | खुद्रा तथा किराना फेन्सी पसल लगायत ब्युट्री पालर दर्ता प्रमाणपत्र | १५०० | |
| ७२ | कम्प्युटर,मोवाईल,ईलेक्ट्रोनिक पसल दर्ता वडा सिफारिस | ५०० | |
| ७३ | कम्प्युटर,मोवाईल,ईलेक्ट्रोनिक पसल दर्ता प्रमाणपत्र | १५०० | |
| ७४ | कम्प्युटर,मोवाईल,ईलेक्ट्रोनिक पसल दर्ता प्रमाण पत्र नविकरण | १००० | |
| ७५ | मेडिकल दर्ता वडाको सिफारिस | १००० | |
| ७६ | मेडिकल दर्ता प्रमाण पत्र | ३००० | |
| ७७ | मेडिकल दर्ता नविकरण | १५०० | |
| ७८ | आय प्रमाणित सिफारिस | २०० | |
| ७९ | घ वर्ग ईजाजतपत्र वितरण नयाँ | २५००० | |
| ८० | घ वर्ग ईजाजतपत्र नविकरण नयाँ | १५००० | |

| | | | |
|---|---|---|---|
| ८१ | बचत तथा सहकारी दर्ता सिफारिस वडाबाट | १००० | |
| ८२ | बचत तथा सहकारी दर्ता प्रमाण पत्र | २००० | |
| ८३ | बचत तथा सहकारी दर्ता प्रमाण पत्र नविकरण | १५०० | |
| ८४ | पसल तथा होटल ठाउँसारी वडाबाट | ५०० | |
| ८५ | औषधी वितरण पशुशाखा(भेडाबाखा प्रतिगोटा) | २० | |
| ८६ | औषधी वितरण पशुशाखा(घोडाखच्चर प्रतिगोटा) | १०० | |
| ८७ | औषधी वितरण पशुशाखा(घरपालुवा,कुकुर,विराला प्रतिगोटा) | ५ | |
| ८८ | औषधी वितरण पशुशाखा(कुखुरा,हास,खरायो प्रतिगोटा) | २ | |
| ८९ | औषधी वितरण पशुशाखा(गाईभैंसी प्रतिगोटा) | १०० | |
| ९० | बहुउदेश्यिक कृषि तथा पशु फर्म दर्ता सिफारिस वडा र पालिका | ५०० | |
| ९१ | बहुउदेश्यिक कृषि तथा पशु पन्छी फर्म दर्ता प्रमाण पत्र | ४००० | |
| ९२ | बहुउदेश्यिक कृषि फर्म दर्ता प्रमाण पत्र नविकरण | १००० | |
| ९३ | ढुङ्गाको प्रति ट्रली | ५०० | |
| ९४ | ढुङ्गाको प्रति खच्चड | ३० | |
| ९५ | बालुवा र गिट्टी प्रति ट्रली | ५०० | |
| ९६ | वालुवा र गिट्टी प्रति खच्चड | ३० | |
| ९७ | वालुवा र गिट्टी प्रति बोरा | १० | |
| ९८ | सरुवा भई जाने शिक्षक तथा सरुवा भई आउने शिक्षकको सिफारिस दस्तुर | ३००० | |
| ९९ | नियुक्ती पत्र शिक्षक मा.वि. | १२०० | |
| १०० | नियुक्ती पत्र शिक्षक नि.मा.वि. | ९०० | |
| १०१ | नियुक्तीपत्र शिक्षक प्रा.वि. | ८०० | |
| १०२ | सम्झौता पत्र ईसिडि र लेखापाल | ७०० | |
| १०३ | सम्झौता पत्र विद्यालय सहयोगी | ६०० | |
| १०४ | करार नविकरण मा.वि.(राहत,करार,स्वयमसेवक) शिक्षक | १२०० | |
| १०५ | करार नविकरण नि.मा.वि.(राहत,करार,स्वयमसेवक) शिक्षक | ९०० | |
| १०६ | करार नविकरण प्रा.वि.(राहत,करार,स्वयमसेवक) शिक्षक | ८०० | |
| १०७ | करार नविकरण ईसिडी र लेखापाल | ७०० | |
| १०८ | करार नविकरण विद्यालय सहयोगी | ६०० | |
| १०९ | नियुक्तिपत्र।करार नविकरण गा.पा. करार कर्मचारी अधिकृतस्तर | १२०० | |
| ११० | नियुक्तिपत्र।करार नविकरण गा.पा. करार कर्मचारी ना.सु.स्तर | १००० | |
| १११ | नियुक्तिपत्र।करार नविकरण गा.पा. करार कर्मचारी खरिदारस्तर | ८०० | |
| ११२ | करार नविकरण गा.पा कास कर्मचारी | ५०० | |
| ११३ | गाँउपालिका हल भाँडा प्रतिदिन | १५०० | |
| ११४ | वडास्तर हल भाँडा प्रतिदिन | १००० | |
| ११५ | योजना सम्झौता सिफारिस | ५०० | |
| ११६ | कारोबारको आधारमा योजनाको कार्यअनुभव प्रमाण पत्र ५० लाख सम्मको लागि | २००० | |
| ११७ | कारोबारको आधारमा योजनाको कार्यअनुभव प्रमाण पत्र ५० देखि १ करोडसम्मको लागि | ४००० | |
| ११८ | कारोबारको आधारमा योजनाको कार्यअनुभव प्रमाण पत्र १ करोड देखि ३ करोडसम्मको लागि | ७००० | |
| ११९ | कारोबारको आधारमा योजनाको कार्यअनुभव प्रमाण पत्र ३ करोडभन्दा माथि | १०००० | |
| १२० | पेन्सन सिफारिस | १००० | |
| १२१ | कोदो प्रति के जि | २ | |
| १२२ | मकै प्रति के जि | २ | |
| १२३ | जौ प्रति के जि | २ | |
| १२४ | सिमि प्रति के जी | ५ | |

१० शैया अस्पतालको दररेट

| | | |
|---|---|---|
| १ | वाइडल परीक्षण (Widal Test) | ३०० |
| २ | एम.पी. परीक्षण (MP Test) | नि शुल्क |
| ३ | यु.पी.टी. (गर्भ परीक्षण) (UPT | १०० |
| ४ | एच. पाइलोरी परीक्षण (H. Pylori Test) | ३०० |
| ५ | हेपाटाइटिस सी परीक्षण (H.C.V Test) | १५० |
| ६ | आर.ए. फ्याक्टर परीक्षण (RA Factor) | १५० |
| ७ | सि.आर.पी. परीक्षण (CRP Test) | १५० |
| ८ | पिसाब परीक्षण (Urine R/E) | १०० |
| ९ | र्यान्डम ब्लड सुगर (RBS) | १०० |
| १० | रिनल फङ्सन परीक्षण (RFT) | ४०० |
| ११ | ब्यालिसय | १०० |

| | | |
|---|---|---|
| १२ | Uric acid | १०० |
| १३ | क्रियाटिनिन परीक्षण HBSAG | १५० |
| १४ | creatininre | १०० |
| १५ | Alkaline phoshate | १५० |
| १६ | sulpt | १५० |
| १७ | sulot | १५० |
| १८ | बिलिरुबिन कुल तथा प्रत्यक्ष (T and D) | २०० |
| १९ | कुल प्रोटिन परीक्षण (Total Protein) | १०० |
| २० | UsG | 400 / 50 % doctor |
| २१ | ESR | १०० |
| २२ | x - Ray | ३०० |
| २३ | रगतको समूह परीक्षण (Blood Grouping) | १०० |
| २४ | VDRH | १५० |
| २५ | Hb | १०० |

जगन्नाथ गाउँपालिकाको कार्यालय
जुड्डी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

८ **एम्बुलेन्सको भाडादरः**

| सि न | स्थान | एकतर्फि | दोहोरो |
|---|---|---|---|
| १ | जगन्नाथ गापाको १ नं वडादेखि कोल्टीसम्म | २००० | ४००० |
| २ | जगन्नाथ गापाको २ नं वडादेखि कोल्टीसम्म | १५०० | ३००० |
| ३ | जगन्नाथ गापाको ३ नं वडादेखि कोल्टीसम्म | २५०० | ५००० |
| ४ | जगन्नाथ गापाको ४ नं वडादेखि कोल्टीसम्म | ३००० | ६००० |
| ५ | जगन्नाथ गापाको ५ नं वडादेखि कोल्टीसम्म | २५०० | ५००० |
| ६ | जगन्नाथ गापाको ६ नं वडादेखि कोल्टीसम्म | ३००० | ६००० |
| ७ | तल्लो काप्री,झप्राली, भुकाखोला देखि पिलुचौरसम्म कर्णाली करिडोरसँग छोएको | २००० | ४००० |
| ८ | ६ वटै वडा कार्यालयबाट जुड्डीको १० सैयाँ अस्पतालसम्म | २५०० | ५००० |
| ९ | कोल्टीदेखि मार्तडीसम्म | ७००० | |
| १० | जगन्नाथ गापा सुर्खेत | २०००० | |
| ११ | जगन्नाथ गापा देखि नेपालगंजसम्म | २५००० | |
| १२ | जगन्नाथ गापा देखि बाबिया चौर हुदै धनगढीसम्म | २६००० | |
| १३ | जगन्नाथ गापादेखि मार्तडीहुदै धनगढिसम्म | ३०००० | |
| १४ | जगन्नाथ गापा जुड्डी देखि कोल्टीसम्म | ४००० | |
| १५ | जगन्नाथ गापा देखि मार्तडीसम्म | १२००० | |
| १६ | जगन्नाथ गापादेखि मार्तडी, धनगढी हुदै काठमाण्डौंसम्म | ५०००० | |
| १७ | जगन्नाथ गापादेखि सुर्खेत, नेपालगंज हुदै काठमाण्डौंसम्म | ४५००० | |
| १८ | मार्तडीदेखि धनगढीसम्म | १६००० | |
| १९ | मार्तडीदेखि नेपालगंज | १८००० | |
| २० | मार्तडीदेखि वयालपाटा अस्पताल | ५००० | |
| २१ | जगन्नाथ गापादेखि वयालपाटा | १५००० | |
| २२ | अन्तरपालिकाको लागि कोसको आधारमा लिने | | |
| २३ | सुत्केरी आईमाई र दुर्घटना भएकाहरुको लागि नि शुल्क गरिने । | | |

९. वार्षिक आयका प्रक्षपणः

| क्र.स. | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | घरजग्गा तथा मालपोत कर | ३००००० | |
| २ | बहाल कर | ५०००० | |
| ३ | अन्य बिक्रिबाट | २०००० | |
| ४ | न्यायिक दस्तुर | ५००० | |
| ५ | सिफारिस दस्तुर | २००००० | |
| ६ | व्यक्तिगत घटना दर्ता | १००००० | |
| ७ | नाता प्रमाणित दस्तुर | ५०००० | |
| ८ | प्रशासनिक दण्ड जरिवाना र जफत | १००००० | |
| ९ | अन्य राजस्व | १००००० | |
| १० | न्यायिक दण्ड जरिवाना र जफत | १००००० | |
| ११ | बेरुजु | १००००० | |
| १२ | एम्बुलेन्सबाट | ३००००० | |
| | गिट्टी बालुवाबाट | ३००००० | |
| १३ | अन्य प्रशासकिय सेवा | ३००००० | |
| | कुल जम्मा रकम | २०२५००० | |

## राजस्व प्रशासन सुधारका प्रयासहरु

१.राजस्व बृद्धिका लागी थप करका दायराहरुको अध्ययन तथा अनुसन्धान गर्नुपर्ने।

२. निर्धारण गरिएका करका दर शुल्क तथा दस्तुर सङ्कलन प्रक्रियालाई कडाईका साथ लागु गर्नु पर्ने।

३. कर संकलनको अवस्था हेरी राजस्व नितिलाई समय सापेक्ष संसोधन गर्नु पर्ने।

४.राजस्व चुहावट नियन्त्रण गर्न अवश्यक निति अवलम्वन गर्ने।

५. राजस्व चुहावट गर्ने व्यक्तिलाई असुलउपर सहित आवश्यक कार्वाही प्रक्रिया अगाडी बढाउने।

६. स्वंयम कर प्रणाली लाई प्रवृद्धन गर्ने निति अक्तियार गर्ने।

७. गाउँपालिकाको राजस्व बृद्धिकालागी नागरिक करदाता,व्यवसायी,बुद्धिजिवी आदी संगको राय सल्लाह निरन्तर लिने।

८.राजस्व संकलन प्रक्रियामा वडा समिति लाई थप उत्तरदायी बनाउने।

९. पालिकाको सार्वजनिक क्षेत्र भित्रका कच्चा पदार्थ ढुङ्गा गिट्टी वालुवा आदीको राजस्व संकलन प्रक्रियालाई थप व्यवस्थित वनाउने।

१०.राजस्व चुहावट नियन्त्रण गर्न आगामी आ.व. देखि अनलाईन र अफलाईन सफ्टवयर लागू गर्ने ।